तिलोत्तमा नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
मणिग्राम, रुपन्देही, ५ नं प्रदेश, नेपाल

**कार्यपालिका वैठक संख्या १/०७६/०७७(६६) मितिः २०७६।०४।०२ गते ।**

**प्रस्तावहरु :**

१. सिक्सलेन सडकमा राखिएका बुद्धमुर्ती तोडफोड भएको घटनाका सम्बन्धमा ।
२. कर्मचारी व्यवस्थापन सम्बन्धमा ।
३. प्लास्टिकका झोलामुक्त नगरपालिका घोषणा प्रतिवद्धता कार्यान्वयन सम्वन्धमा ।
४. आगामी आर्थिक वर्षको बजेट तथा कार्यक्रमको वार्षिक कार्ययोजना निर्माण सम्बन्धमा ।
५. विषयगत समितिको सक्रियताका सम्बन्धमा ।
६. वृक्षारोपण सप्ताह सम्वन्धमा ।

**निर्णयहरु :**

**निर्णय नं.-१**

- बुटवल-वेलहिया व्यापारिक मार्ग अन्तर्गत पर्ने तिलोत्तमा सडक खण्डमा यस नगरपालिकाद्धारा निर्माण गरिएका बुद्धका मूर्तिहरुको अज्ञात र अराजक समूहहरुद्धारा गरिएको तोडफोडको भर्त्सना एवम् निन्दा गर्दै प्रेश विज्ञप्ती जारी गर्ने ।
- नेपाल सरकार, ५ नं. प्रदेश सरकार, जिल्ला प्रशासन कार्यालय र जिल्ला प्रहरी कार्यालय रुपन्देहीलाई उक्त घटनाका दोषी पत्ता लगाई कानूनको दायरामा ल्याउनको लागि अनुरोध गर्ने निर्णय गरियो ।
- स्थानीय शान्ति सुरक्षालाई प्रभावकारी बनाउनको लागि चालु आ.व.को वार्षिक नीति तथा कार्यक्रम अनुसारको सि.सि.क्यामेरा जडान कार्यक्रमलाई यथासक्य छिटो कार्यान्वयनमा लैजाने निर्णय गरियो ।

**निर्णय नं.-२**

- कर्मचारी व्यवस्थापनका सम्बन्धमा अर्को बैठकमा विस्तृत छलफल गर्ने निर्णय गरियो ।

**निर्णय नं.-३**

- मिति २०७६/०४/०१ गतेको प्लास्टिकका झोलामुक्त नगरपालिका घोषणा सभाबाट पारित ९ बुंदे प्रतिवद्धताहरु आ-आफ्नो वडा भित्र पूर्णरुपमा कार्यान्वयनमा लैजाने निर्णय गरियो ।

२०७६।०४।०२ २०७६-०४-०२
बासुदेव घिमिरे
नगर प्रमुख

तिलोत्तमा नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
मणिग्राम, रुपन्देही
५ नं. प्रदेश, नेपाल

निर्णय नं.-४

- मिति २०७६/०४/२५ गते भित्र सम्बन्धित शाखाले आ-आफ्नो शाखासँग सम्बन्धित कार्यक्रमहरुको कार्ययोजना तयार पारी पेश गर्ने निर्देश गर्ने ।
- सम्बन्धित वडा कार्यालयहरुले आ-आफ्नो वडाभित्रका योजनाहरु समयमै सुरुवात गर्नको लागि आवश्यक प्रबन्ध मिलाउने ।

निर्णय नं.-५

- नगरपालिकाद्वारा हालसम्म भएका निर्णयहरुको प्रभावकारी कार्यान्वयन, अनुगमन, मूल्याङ्कन र विषयगत समितिका जिम्मेवारीहरुलाई अझै प्रभावकारी बनाउन सम्बन्धित समितिहरुलाई निर्देशन दिने निर्णय गरियो ।

निर्णय नं.-६

- श्रावण १ गतेबाट सुरु भएको वृक्षारोपण सप्ताहमा प्रत्येक वडाले आवश्यक स्थानमा संयोजन गरी अधिकतम संख्यामा वृक्षारोपण गरी यस वर्ष कूल ५०,००० (पचाँस हजार) विरुवा लगाउने निर्णय गरियो ।

२०७६।०४।०२

०७६-०४-०२
बासुदेव घिमिरे
नगर प्रमुख